**नेपाल राष्ट्र बैंक**
**पोखरा कार्यालय**

## खडा रुखहरु लिलाम विक्रीको सूचना
## प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०९/०४

नेपाल राष्ट्र बैंक पोखरा कार्यालयको कार्यालय तथा आवासगृह परिसरमा रहेका १६ थान खडा रुखहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा कटान गरी लिलाम विक्री गर्नुपर्ने भएकोले २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीका प्रतिनिधिले गोप्य सिलबन्दी बोलपत्र दाखिला गर्न आमन्त्रण गरिन्छ ।

**१.लिलाम बिक्री हुने रुखहरुको विवरणः**

| क्र.सं. | रुखको विवरण | | | कटान खर्च | रुखहरु रहेको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | प्रजाती र संख्या | अनुमानित क्यु.फिट | न्युनतम मुल्य रु. (कर बाहेक) | | | |
| १. | खोटे सल्लो (२) | ७८.९४ | २७,६२९।- | बोलपत्र स्वीकृत हुनेले आफै व्यहोर्नुपर्ने । | नेपाल राष्ट्र बैंक पोखरा कार्यालयको कार्यालय परिसर तथाआवासगृह परिसर । | |
| २. | टुनी (३) | १८५.२८ | ५५,५८४।- | | | |
| ३. | सिसौ (१) | ३५.०७ | २४,५४९।- | | | |
| ४. | चिउरी (२) | २७.०८ | २,७०८।- | | | |
| ५. | कपुर (५) | १६०.३३ | १६,०३३।- | | | |
| ६. | धुपी (१) | ५.१४ | ५१४।- | | | |
| ७. | अशोका (२) | - | ४४०।- | | | |
| ८. | दाउरा | | ८,९२०।- | | | |
| जम्मा | | | १,३६,३७७।- | | | |

#श्री पोखरा सब डिभिजन वन कार्यालय कुँडहरको लगत मूल्यांकन ।

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान
   क.बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८०/०९/२४गते, दिनको ३:०० बजेसम्म ।
   ख.बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८०/०९/२५गते दिनको १२:०० बजेसम्म ।
   ग.बोलपत्र दाखिला गर्ने स्थानः नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय आन्तरिक प्रशासन फाँट ।
   घ.बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्रको साथ धरौटी बापत कबोल अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम यस नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको बोलपत्र धरौटी खाता नं.१८०९९९९/०११/००२/५२४ मा नगद जम्मा गरेको भौचर वा यस बैंकको नाममा जारी गरिएको ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गरेको हुनुपर्नेछ ।

४.बोलपत्रको फारम रु.१,०००।- (पछि फिर्ता नहुने गरी) भुक्तानी गरी नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट खरिद गर्न सकिनेछ ।

५. लिलाम विक्री हुने खडा रुखहरु कार्यालय समयमा उपस्थित भई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन इच्छुक काष्ठ व्यवसायी, संघसंस्था, फर्म वा कम्पनीका आधिकारीक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संस्था/फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, प्यान/भ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, वन नियमावली, २०७९ बमोजिमको सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी बोलपत्रको साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्या पुगेमा रितपूर्वक पर्न आएका बोलपत्रहरु **मिति २०८०/०९/२५गते दिनको २:३०** बजे उपस्थित बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थित नभएमा पनि नियमानूसार बोलपत्रहरु खोल्न बाध्य पर्नेछैन । उक्त दिन विदा परेमा सोको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५ दिनभित्र **सकार गरेको रकम वा कटान पश्चात् वन कार्यालयबाट हुने पूर्नमूल्यांकित रकम मध्ये जुन बढी हुन्छ** सो मा निर्धारित मूल्य अभिवृद्धि कर बुझाई माथि उल्लेखित खडा रुखहरु कटान गरी लैजानुपर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वावदर गर्ने सम्पूर्ण अधिकार नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमा निहित रहनेछ ।

११. उल्लेखित तालिका बमोजिम मूल्यांकन भएको न्यूनतम मूल्यभन्दा कम नहुने गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

१२. खडा रुखहरु कटान गर्दा मानवीय क्षती तथा अन्य भौतिक क्षती हुन नदिनका लागि आवश्यक सम्पूर्ण सतर्कता अपनाउनुपर्नेछ साथै कुनै भौतिक तथा मानविय क्षती हुन गएमा सोको सम्पूर्ण जिम्मेवारी स्वयम् लिलाम सकारकर्ताले लिनुपर्नेछ ।